# भक्तपुर नगरपालिका

## स्थानीय पाठ्यक्रम

२०७६

# खवपको पहिचान

## आधारभूत शिक्षा (कक्षा ७)

**प्रस्तुतकर्ता**
**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल :**
योगेन्द्रमान बिजुक्छें
सिद्धिरत्न शाक्य
उद्धव सुजखु
रोशनराज तुइतुइं
राजेन्द्रप्रसाद श्रेष्ठ

प्रकाशक : भक्तपुर नगरपालिका
नगर कार्यपालिका
भक्तपुर

© सर्वाधिकार प्रकाशकमा निहित

पहिलो संस्करण : वि.सं. २०७६ बैशाख
मुद्रण प्रति :
मुद्रण : इन्द्रेनी छापाखाना, मिवाछें, भक्तपुर

# भूमिका

नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र बहुधार्मिक तथा भौगोलिक विविधतायुक्त देश हो । विश्वका विभिन्न देश र स्थान विशेषमा यस्ता विविधताहरू स्थानीय ज्ञान, सीप, भाषा, परम्परा र संस्कृतिसँग अन्योन्याश्रित सम्बन्ध हुन्छन् । यी रैथाने ज्ञान, सीप, परम्परा र संस्कृति एक दिनमा प्राप्त भएका अवश्य होइनन् । मानव सभ्यता विकासका हजारौं वर्षको क्रममा हासिल गरेका यी ज्ञान र सीप कुनै एक देश विशेषका मात्र नभई सम्पूर्ण मानव जातिकै सम्पत्ति मानिन्छन् । तर सोह्रौं सत्रौं शताब्दीदेखि पश्चिमा मुलुकहरूबाट ल्याटिन अमेरिकी, एशिया र अफ्रिकी देशहरूलाई उपनिवेश बनाउने क्रम थालिएसँगै स्थानीय ज्ञान, सीप र संस्कृति मास्ने काम पनि शुरू भयो । औद्योगिक क्रान्ति, उत्तर विश्वयुद्धकाल र बिसौं शताब्दीको उत्तरार्द्धसँगै शुरू भएको भूमण्डलीकरणको प्रभावमा बेपर्वाहसँग गरिएका आधुनिकीकरण र शहरीकरणले स्थानीय ज्ञान र सीप थप ओझेलमा पर्न गयो ।

तर आज विश्वका विभिन्न विश्वविद्यालयमा कार्यरत उत्तर औपनिवेशिक विद्वत वर्गले यस्ता स्थानीय ज्ञान र सीपको महत्वको बारेमा खोज अनुसन्धान गरी यसको संरक्षण र प्रवर्धनको बारेमा बहस चलाउन थालेका छन् । साथै संयुक्त राष्ट्रसङ्घ तथा युनेस्कोको तत्वावधानमा स्थानीय ज्ञान र सीपहरूको संरक्षण र विकासको लागि विभिन्न अभिसन्धि र महासन्धिहरूको निर्माण भएका छन् । आज यस्ता स्थानीय वा रैथाने ज्ञान, सीप, परम्परा र संस्कृतिलाई कुनै देश विशेषको भन्दा पनि विश्वकै सम्पदाको रूपमा अङ्गीकार गर्न थालिएको छ । हाम्रो देशको सन्दर्भमा पनि यस्ता रैथाने ज्ञान, सीप र परम्पराको संरक्षण र प्रवर्धन गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नु स्थानीय, प्रान्तीय र सङ्घीय तीनै तहका राज्यको समेत दायित्व हुनआएको छ ।

यही पृष्ठभूमिमा स्थानीय पाठ्यक्रम निर्माणको सैद्धान्तिक आधार तयार भएको देखिन्छ । साथै, शैक्षिक विकेन्द्रिकरणको अवधारणा तथा विविधतायुक्त देशमा केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमले स्थानीय ज्ञान, सीप, विशेषता र आवश्यकतालाई समेत प्रतिनिधित्व र सम्बोधन गर्न नसकिने भएकोले स्थानीय पाठ्यक्रमको निर्माण स्थानीय ज्ञान, सीप र स्रोतहरूको आधारमै निर्माण गर्नुपर्ने व्यवस्था गरिएको छ । समाजको समुचित र सन्तुलित विकासको लागि स्थानीय आवश्यकता तथा रूचिको उचित सम्बोधन गर्न स्थानीय पाठ्यक्रमले सहयोग गर्न सक्दछ । स्थानीय आवश्यकता र चाहनालाई समेटेर स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने गरिन्छ । नेपालको विद्यालय शिक्षाको सुधार गर्न ल्याइएको राष्ट्रिय पाठ्यक्रम प्रारूपमा शैक्षिक क्षेत्रमा देखिएका स्थानीय मुद्दा र चुनौतीलाई समाधान गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिइएको छ । जसको उद्देश्य पूरा गर्नको लागि स्थानीय सरोकारवालाहरू जस्तै बुद्धिजीवी, शिक्षक, शिक्षाविद्, समाजसेवी, अभिभावक आदिको प्रत्यक्ष संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन गरिन्छ ।

स्थानीय निकाय सञ्चालन ऐन २०७४ ले माध्यमिक शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिए अनुसार यहाँको स्थानीय आवश्यकतालाई ध्यानमा राखेर सम्भवतः नेपालमा नै पहिलो पटक स्थानीय तहबाट स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयनमा ल्याउन भक्तपुर नगरपालिकाले पहल गऱ्यो । यसको लागि भक्तपुर नगरपालिकाले २०७४ माघ २३ गते योगन्द्रमान बिजुक्छेको संयोजकत्वमा प्रा. सिद्धिरत्न शाक्य, उद्धव सुजखु, रोशनराज तुइतुई तथा राजेन्द्रप्रसाद श्रेष्ठ सम्मिलित पाँच सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी सो कार्यदललाई कक्षा १ र ६ को लागि स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७५मा भक्तपुर नगर भित्रका सम्पूर्या विद्यालयमा लागु गरिउको थियो । यसै निरन्तरता स्वरुप कार्यदलले पाठ्यक्रम वनर्माण गर्दा अपनाउनु पर्नै विषयलाई आत्मसात गरी कार्य अगाडी बढाइयो । भक्तपुर नगरपालिका र कार्यदलको आपसी छलफलबाट २०७६ सालमा कक्षा २ र ७ को स्थानीय पाठ्यक्रम तयारीको क्रममा सम्बन्धीत पक्षहरु, विज्ञ समूह तथा जनप्रतिनीधीहरुसंग कार्यहालाहरु संञ्चालन गरियो । जसबाट प्राप्त सुझावहरु र कार्यदलमा रहेका विषयवस्तुहरुलाई कक्षा २ र ७ लाई उपयुक्त आधारमा छनौट गरी पाठ्यक्रमको मस्यौदा तयार गरी पेश गरिएको छ ।

यस पाठ्यक्रमको कार्यान्वियन पक्ष अझ महत्वपूर्ण रहेको छ । यसको लागि सबै पक्षको सामुहिक प्रयास र प्रतिबद्धताको जति आवश्यक हुन्छ यसको अपनत्वको ग्रहण पनि उतिकै खाँचो हुन्छ । पर्याप्त समयाभावको कारणले यस मस्यौदालाई परिष्कृत गर्न सकिने ठाउँ अझै पनि बाँकी रहेको कार्यदलले महसुस गरेको छ । अर्को संस्करणको लागि सम्पूर्ण सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा पनि गरिएको छ ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
भक्तपुर नगरपालिका
२०७६

# नगर प्रमुखको भनाई

भक्तपुर नगरपालिकाले शिक्षालाई सधै पहिलो प्राथमिकतामा राख्दै आएकोछ। नयाँ संविधान २०७२ ले समेत नगरपालिकालाई मावि तहसम्म शैक्षिक विषयमा सबै किसिमको अधिकार प्रदान गरेको छ । शिक्षालाई श्रमसंग मिलाउने, २१ औं शताब्दीको चुनौतीलाई सामना गर्न सक्ने इमानदार र देशभक्त नागरिकहरू तयार गर्ने उद्देश्य राखेर संविधान र अन्य नियम कानूनको अधिनमा रहेर शिक्षा क्षेत्रलाई अझ राम्रो गर्न भक्तपुर नगरपालिका अघि बढ्दैछ ।

भक्तपुर नगरभित्र रहेका सबै विद्यालयहरूको शैक्षिक गुणस्तर राम्रो होस् भन्ने उद्देश्यले सामुदायिक र संस्थागत विद्यालयहरूलाई हरेक गतिविधिमा संगै लाने नीति अवलम्बन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयहरूबीच अन्तर विद्यालय, खेलकुद, चित्रकला, निबन्ध लेखन, वक्तृत्वकला प्रतियोगिताहरू गरेर आन्तरिक प्रतिस्पर्धामा जोड दिइरहेको छ । साथै, नगरपालिकाले सामुदायिक विद्यालयहरूमा नेपाली, अंग्रेजी, विज्ञान, गणितलगायत विषयका शिक्षकहरूको तालिम सञ्चालन गरी शैक्षिक स्तर उठाउने प्रयास गर्दैछ ।

यहि सिलसिलामा स्थानीय निकायले स्थानीय पाठ्यक्रम समेत निमार्ण गरी स्थानीय विशेषता र पहिचानका बारेमा आधारभूत तहसम्म अध्ययन अध्यापन गराउन सक्ने ब्यबस्था भए अनुसार भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम लागू गरेको यो दोस्रो वर्ष हो । २०७५ सालदेखि कक्षा १ र ६ मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरियो । विद्यार्थीहरूमा स्थानीय कला-संस्कृति, सम्पदा, खेलकुद, भूगोल, इतिहास लगायत विविध विषयमा जानकारी दिने उद्देश्यले स्थानीय पाठ्यक्रम लागु गरिएको हो । नगरभित्र सञ्चालित सामुदायिक र संस्थागत गरी ९२ वटा विद्यालयहरूमा एक साथ लागू गरिएको यो पाठ्यक्रम अधिकांश विद्यालयमा राम्रो पढाइ भइरहेको सुन्न पाउँदा हामीलाई खुशी लाग्यो । सम्भवत स्थानीय पाठ्यक्रमको निमार्ण गरी लागु गर्ने नगरपालिका देशकै लागि पहिलो नमूना नगरपालिका हुनगयो र यस कार्यको सङ्खाना र सिकोगरी नेपालका अन्य विभिन्न स्थानीय निकायहरुले पनि स्थानीय पाठ्यक्रम निमार्णगरी लागु गर्नथालेको तथ्य अवगत हुनआउँदा हामीलाई अझ खुशीलाग्नु स्वभाविक नै हो ।

स्थानीय पाठ्यक्रमअन्तर्गत यो वर्ष २०७६ देखि कक्षा २ र ७ को पाठ्यक्रम सुरु गर्दैछौं । सम्बन्धित प्रधानाध्यापकहरू, विषयगत शिक्षकहरूको पटक पटकको भेला सम्बन्धित विषय बिज्ञहरु समेतबाट यसबारे जानकारी तथा अभिमुखि कार्यक्रमको आयोजना गरिसकेका छौं । विगतको वर्षमा झैं यो वर्षदेखि सुरु हुने कक्षा २ र ७ को पाठ्यक्रम पनि सबै विद्यालयहरूमा पूर्ण कार्यान्वयन हुने आशा गर्दछौं ।

नगरपालिकाले जिम्मेवारी दिएअनुसार स्थानीय पाठ्यक्रम निर्माण कार्यदलले पाठ्यक्रम निमार्ण गर्दा अपनाउनु पर्ने सबै प्रकिया र चरणहरु पार गरी सम्बन्धित विज्ञहरुसंगको परामर्श समेत लिई समयमै आफ्नो काम सम्पन्न गरी पाठ्यक्रमको मस्यौदा बुझाएकोमा कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छैं, सदस्यहरू सिद्धिरत्न शाक्य, उद्धव सुजखु, राजेन्द्र श्रेष्ठ र रोशनराज तुइतुइलाई तथा अन्य सम्पूर्ण सरोकारवाला सहयोगीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

सुनिल प्रजापति
प्रमुख
भक्तपुर नगरपालिका

# कृतज्ञता

यस पाठ्यक्रम निर्माणको क्रममा विद्यालयका प्रधानाध्याकहरू, शिक्षकहरू, अभिभावकहरू, स्वतन्त्र बुद्धिजीवीहरू, समाजसेवीहरू, सेवानिवृत्त शिक्षक समाज, विषयविज्ञहरू तथा अन्य व्यक्तित्वहरूले कार्यदललाई आवश्यक सल्लाह सुझाव र मार्ग निर्देशन गर्नुभएको छ । ख्वप(भक्तपुर) को इतिहास, राजनीति, साहित्य, कला र सम्पदा तथा संस्कृतिबारे आदरणीय श्री नारायणमान बिजुक्छेंज्यूले कार्यदललाई विभिन्न तथ्यहरूबारे अवगत गराउनुभयो । विषवस्तुहरूलाई पाठ्यक्रमको खाका प्रदान गर्न सहज बनाउनको लागि विषयविज्ञको रूपमा प्राविधिक सल्लाह र सुझाव दिनुहुने प्रा. पृथुचरण बैद्य, प्रा.डा. विद्यानाथ कोइराला, प्रा.डा.गणेशबहादुर सिंह, डा.लक्ष्मण ज्ञवाली, स.प्रा. विश्वमोहन जोशी, पाठ्यक्रम विकास केन्द्रका निर्देशक कृष्णप्रसाद काप्री, उप-निर्देशक खुबीराम अधिकारी, आयुर्वेद विज्ञानका ज्ञाता सप्तमान बैद्य, नेपालभाषा विज्ञ विमल ताम्राकार साथै भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरुप्रति यस कार्यदल कृतज्ञता व्यक्त गर्दछ । अन्तमा कार्यदललाई सहयोग गर्ने भक्तपुर नगरपालिकाका कर्मचारीहरू, कार्यदलको कार्य सम्पादन गर्न आफ्नो कार्यालय र त्यहाँको फोटोकपी, प्रिन्टरजस्ता उपकरणहरू प्रयोग गर्न सहयोग गर्ने शारदा मा.वि, जेन्युइन स्कूल ख्वप कलेज तथा अन्य प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति कार्यदल आभार व्यक्त गर्दछ । यस कार्यदलले आगामी दिनहरूमा पनि उहाँहरूको सहयोग र सद्भाव पाउने अपेक्षा गर्दछ ।

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**
**भक्तपुर नगरपालिका**
**२०७५**

# विषय सूची


| | |
|---|---|
| १. स्थानीय पाठ्यक्रम | १ |
| २. ख्वपको भौगोलिक अवस्थिति | ४ |
| ३. ख्वपको इतिहास | ५ |
| ४. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | ७ |
| क) ख्वपका स्थानीय जातजातिका जनसाङ्ख्यिक सूचक | ७ |
| ख) ख्वपका विशिष्ट व्यक्तित्वहरू | ७ |
| ५.स्थानीय विविध संस्कृति | ८ |
| क) योमऱ्ही पुन्ही | ८ |
| ख) बुरांज्या | ९ |
| ग) गुँला बाजं | १० |
| ६.प्रचलित स्थानीय संस्कारहरू : | ११ |
| क) जैबिली ब्यंकेगु | ११ |
| ७. स्थानीय बोलीचाली र लिपि | १२ |
| क) स्थानीय भाषामा कुराकानी | १२ |
| ख) प्रचलित लिपि र रञ्जना लिपि | १३ |
| ८.स्थानीय कला र सम्पदा | १३ |
| क) स्थानीय मन्दिरहरू | १३ |
| ख) स्थानीय पोखरीहरू (पुखु) | १४ |
| ग) स्थानीय ढुङ्गेधारा | १४ |
| घ) स्थानीय चित्रकला | १५ |
| ङ) स्थानीय मूर्तिकला | १५ |
| ९. स्थानीय व्यवसाय सीप र प्रविधिविक पेशा | १६ |
| ख) कौसी खेती | १७ |
| ग) प्राङ्गारिकमल | १७ |
| स्थानीय स्तरका गैरकृषिजन्य पेशाहरू | १८ |
| लोप हुन लागेको स्थानीय वेशभूषाहरू | १८ |
| कपडाको पुतली | १८ |
| ख) स्थानीय प्रविधिः | १९ |
| माटोबाट बन्ने सामग्री | १९ |
| नेवारी खाद्य परिकार | २० |
| १०. स्थानीय स्वास्थ्य प्रबर्द्धन विधि | २१ |
| ११. स्थानीय खेल | २१ |
| १२. स्थानीय पर्यटन | २२ |

# स्थानीय पाठ्यक्रम

पाठ्यक्रम शीर्षक : ख्वपको पहिचान
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक
तह : आधारभूत शिक्षा तह

पूर्णाङ्क : १००
उत्तीर्णाङ्क :
प्रतिहप्ता पाठघण्टी : ५
जम्मा पाठघण्टी : १७५

## पाठ्यक्रम परिचय

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरूको राय सुझावअनुसार स्थानीय विषयवस्तुहरू समावेशगरी स्थानीय पाठ्यक्रमको निर्माण गरिएको छ। यस पाठ्यक्रमबाट भक्तपुर नगरका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको ज्ञान, सीप र धारणा दिने हिसाबले "ख्वपको पहिचान" नामकरण गरी तयार पारिएको छ । ख्वपको पहिचान पूर्ण रूपमा हुन सकोस भन्ने लक्ष्य लिई यस अन्तर्गत एकाइका विभिन्न क्षेत्रहरू: ख्वपको नामकरण र भू-बनौट, ख्वपको इतिहास, स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि र पर्यटन समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । प्रत्येक क्षेत्रमा समावेश गरीएका पाठ शीर्षकहरूलाई कक्षा १ बाट कक्षा ८ सम्म आठ शैक्षिक वर्षभित्र शिक्षण सिकाई गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरि एको छ । यसमा परम्परागत शिक्षण विधि भन्दा बालकेन्द्रित शिक्षण सिकाई क्रियाकलापमा जोड दिई सैद्धान्तिक पक्षमा भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ ।

## साधारण उद्देश्य

यस पाठ्यक्रममा उल्लिखित सबै क्षेत्रहरूको शिक्षण सिकाई पछि विद्यार्थीहरूमा निम्नलिखित कुराहरू(स्थानीय पक्षहरू)मा सक्षम हुनेछन् :

१) ख्वपको नामकरण र भू-बनौटबारे व्याख्या गर्न ।
२) ख्वपको इतिहासको वर्णन गर्न ।
३) स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या प्रस्तुत गर्न ।
४) स्थानीय प्रचलित विविध संस्कृतिको वर्णन गर्न ।
५) प्रचलित स्थानीय संस्कारहरूको महत्व बताउन ।
६) प्रचलित विभिन्न स्थानीय बोलीचाली प्रयोग गर्न र प्रचलित लिपि र रञ्जना लिपि चिन्न
७) स्थानीय कला र सम्पदा पहिचान गर्न ।
८) स्थानीय व्यवसाय, सीप र प्रविधिको पहिचान गर्न ।
९) स्थानीय परम्परागत उपचार विधि प्रयोगमा ल्याउन ।
१०) परम्परागत स्थानीय खेलहरू खेल्न ।
११) पर्यटन व्यवसायलाई विकास गर्न आवश्यक आधारहरू तयार गर्न ।

शीर्षक : ख्वपको पहिचान पूर्णाङ्क : १००

पाठ्यांशको प्रकृति : शैद्धान्तिक र प्रयोगात्मक उतीर्णाङ्क :

कक्षा : सात प्रतिहप्ता : ५ पिरीयड

## परिचय

प्रस्तुत पाठ्यक्रम आधारभूत तह (कक्षा १-८) मा कक्षा ७ को लागि तयार पारिएको स्थानीय पाठ्यक्रमको हो । यस पाठ्यक्रमबाट विद्यार्थीहरुमा परम्परागत प्रचलित स्थानीय ज्ञान सीप र धारणालाई जोगाइराख्न र प्रचलनमा ल्याउने प्रयास गरिएको छ । साथै आफ्नो प्राचीन समयदेखि बसोबास गर्दै आएको जन्मस्थानको माया, मोह र आफ्नो पहिचान बचाई राख्ने प्रयास गरिने छ ।

यस पाठ्यक्रमको विशेषता भन्नु नै शैद्धान्तिक पक्ष सँगसँगै व्यावहारिक पक्षलाई जोड दिई कुनै पनि (संस्कृति, संस्कार आदि) प्रचलनमा ल्याउनुको कारण र महत्वको जानकारी प्राप्त गराउनु हो । यस पाठ्यक्रममा दिइएका पाठ्यांशहरु शिक्षण गर्दा अन्तर्क्रिया विधि, छलफल विधि, खोजिनीति विधि अथवा बाल केन्द्रित क्रियाकलापमा जोड दिइएको छ । यस पाठ्यांशको शिक्षण सिकाइ पश्चात विद्यार्थीहरुमा निम्न लिखित क्रियाकलापमा सक्षम हुनेछन् :

## कक्षागत उद्देश्यहरु (Grade wise Objectives)

१) ख्वप नगरको भूस्वरुप, खोलानाला र वरिपरि अवस्थित डाँडा, पहाड र जंगलको बारे वर्णन गर्न ।

२) ख्वप देको मध्यकालीन वा मल्लकालीन इतिहासको समयावधि अन्य शासनकालको समयावधिसँग तुलना गर्न ।

३) मध्यकालीन ख्वप देको आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक अवस्थाबारे व्याख्या गर्न ।

४) ख्वपका स्थानीय बसोबास जातजातिका जनसाङख्यिक सूचक र त्यसमा आएको परिवर्तनको कारण बताउन ।

५) ख्वपका विशिष्ट व्यक्तिहरु बासुदेवप्रसाद जोशी, नगेन्द्र हाडा, विष्णुभक्त भुजु र आशाकाजी बासुकलाको विशिष्टाको क्षेत्र सहित परिचय दिन ।

६) योमरी पूर्णिको अर्थ, मनाउने तिथिमिति र मनाउने तरिका बताउन ।

७) योमरी पूर्णिका सामाजिक, साँस्कृतिक र धार्मिक महत्व बताउन ।

८) बुरांज्या कार्यक्रम, हाकुवा बनाउने प्रक्रिया, वाखास्य कार्यक्रम र हकुवा चामल पौष्टिक तत्व सम्बन्धी व्याख्या गर्न ।

९) गुलाँ बाजं बजाउने तिथिमिति र कार्यक्रम, र बजाइने विभिन्न बोलहरुको नाम बताउन ।

१०) गुँला बाजंमा प्रयोगमा आउने विभिन्न बाजाहरु र हाल भक्तपुरमा गुलाँ बाजं निकाल्ने स्थानहरुको नाम बताउन ।

११) जैबिली चोख्याउनु पर्ने कारण, जैबिली चोख्याउँदा गरिने विभिन्न कार्यक्रमहरु सरसफाई, पूजाआजा र यस अवसरमा प्रयोग गरिने विशेष पूजाआजाको वर्णन गर्न ।

१२) सुत्केरीलाई प्रयोग गर्ने विशेष भाडाँकुडाँ, शिशुलाई प्रयोग गर्ने विशेष लुगाफाटो र दिरी अंजी (सुडिनी) काम सम्बन्धी बताउन ।

१३) स्थानीय भाषा प्रयोग गरी स्थानीय बजारमा आवश्यक सामग्री किनमेल गर्न ।

१४) प्रचलित लिपी र रञ्जना लिपीको स्वर वर्ण र संयुक्त अक्षरहरु लेख्न र पढ्न ।

१५) दशैको बेला नवरात अन्तर्गत दर्शन गर्ने शक्तिपीठहरुको परिचय दिइ तिनका धार्मिक, साँस्कृतिक र सामाजिक पक्षहरुबारे वर्णन गर्न ।

१६) मुनि बिहारको परिचय दिइ, बिहारमा प्रतिस्थापित मूर्तिहरु र बिहारको बनौट र त्यहाँ गरिन धार्मिक क्रियाकलाप

सम्बन्धी वर्णन गर्न ।

१७) तः पुखु, नः पुखु र बाहारे पुखुको धार्मिक, साँस्कृतिक तथा सामाजिक पक्षहरुबारे वर्णन गर्न ।

१८) ख्वपको पूर्वतर्फ फर्केका नौ वटा ढुङ्गेधाराहरुको स्थान सहितको परिचय, वास्तविक हालको स्थिति तथा तिनीहरुको साँस्कृतिक पक्षबारे वर्णन गर्न ।

१९) गाइजात्रामा प्रयोग गरिने चित्र र नागपञ्चमीका दिन घरघरमा टास्ने नागको चित्र बनाउन, तिनीहरुको धार्मिक तथा साँस्कृतिक महत्वबारे व्याख्या गर्न ।

२०) दरवार क्षेत्र भित्र रहेका ढुङ्गाका मूर्ति, धातुका मूर्ति, काठका मूर्तिहरु पहिचान गरी कलापक्षको हिसाबले त्यसमा कुडीएका बुट्टाहरु र हाल ती मूर्तिहरुको अवस्थाबारे वर्णन गर्न ।

२१) स्थानीय तरकारी, फलफूल, अन्न तथा तेलहन उब्जाउने पेशाको परिचय, ती पेशाहरुबाट हुने फाइदा र ती पेशाहरुमा आधुनिक प्रभावबारे बताउन ।

२२) कौसी खेतीको परिचय, यसबाट हुने फाइदा तथा कौसी खेतीगर्दा ध्यान दिनुपर्ने कुराहरु बताउन ।

२३) प्राङगारिक मलको परिचय, मल बनाउने तरिका तथा प्राङगारिक मलबाट हुने फाइदाहरु बताउन ।

२४) फर्निचर निर्माण कार्य र किराना पसल कार्यबारे परिचय, महत्व तथा ती पेशामा देखापरेका समस्याहरु बारे बताउन ।

२५) सुर्के थैलीको परिचय, महत्व, प्रयोग बारे बताउन र निर्माण गर्न ।

२६) कपडाको पुतली बनाउने निर्माण प्रकिया प्रर्दशन विधि अपनाइ देखाउन ।

२७) माटोको गमला र साना साना माटोको मुकुन्डो बनाउने तरिका देखाउन ।

२८) योमरी, मुटुमरी र ल्होचामरी बनाउन ।

२९) पुस्तकारी बनाउन आवश्यक साम्रगीहरु सूचीबनाउन र पुस्तकारी बनाउन ।

३०) चौलानी पानी र राजवृक्षबाट निकोपार्न सक्ने रोगहरु सम्बन्धी बताउन र हात खुट्टा मर्कदा प्रयोग गर्ने पाः बास प्रयोग गर्ने तरिका बताउन ।

३१) ततामाको (डण्डीबियो) र पाँय् खेल नियमानुसार खेल खेल्न ।

३२) पर्यटकलाई आकर्षण गर्ने ऐतिहासिक क्षेत्रहरुको पहिचान गर्न र होमस्तेको परिचय दिन ।

# भक्तपुर नगरपालिका
# स्थानीय पाठ्यक्रम २०७६

विषय:ख्वपको पहिचान

कक्षा : ७

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| १. ख्वपको भौगोलिक अवस्थिति | १. ख्वप देको सामान्य धरातलीय स्वरूपका बारे बताउन । | ● ख्वप देको वा नगरको भू स्वरूप धेरै जटिल र विविध नभएको तर पूर्वी भाग दक्षिण, उत्तर र पश्चिम भागभन्दा अलि उचाइमा अवस्थित भएको | ➢ ख्वप दे नेपालकै सबभन्दा सानो नगर भएको जानकारी गराउँदै उपलब्ध नक्साको माध्यमले तुलना गराउने ।<br>➢ यहाँको धरातलीय स्वरूप पनि धेरै जटिल र विविध नभएको बताउने ।<br>➢ सामान्यतया ख्वप देलाई बीचको नगरको पुरानो क्षेत्र र वरिपरिको गरी दुई भागमा विभाजनगरी देखाउने । | ० नेपालको सबै जिल्ला छुट्टिएको नक्सा<br>० भनपाद्वारा निर्मित कोर र सेरोफेरो छुट्ट्याइएको नक्सा<br>० अनलाइन गुगल नक्सा<br>० अन्य भौतिक नक्सा | ० ख्वप देको आउटलाईन नक्सामा नगरको पुरानो क्षेत्र र सेरोफेरो छुट्टिनेगरी तथा अग्लो र होचो भाग देखिने गरी कोर्न लगाउने । | ३ |
| | २. ख्वप देमा बग्ने खोला नालाका बारेमा बताउन । | ● ख्वप देको उत्तर र दक्षिण भएर बग्ने कासन खोला र हनुमन्ते खोलाको चर्चा र यसको महत्व | ➢ मानव जीवनको लागि नदी र खोलाको महत्वको चर्चागर्ने ।<br>➢ ख्वप देमा बग्ने खोला (नदी) हरूको बारेमा के थाहा छ भनी अन्तरक्रियागरी हनुमन्ते, मनहरा, कासन खोलाको बारेमा जानकारी गराउने ।<br>➢ विश्वको हरेक मानव सभ्यताको विकास नदी किनारमा भएको प्रसङ्गको चर्चा गर्दै भक्तपुरको सभ्यतामा यी नदीहरूको देनको बारेमा पनि छलफल गर्ने ।<br>➢ ख्वपको आउटलाइन नक्सा कोर्न लगाई यी नदीहरू त्यसमा संकेत गर्न लगाउने । | ० भनपाद्वारा निर्मित कोर र सेरोफेरो छुट्ट्याइएको नक्सा<br>० अनलाइन गूगल नक्सा<br>० अन्य भौतिक नक्सा | ० ख्वप देमा बग्ने खोलाहरूको नाम लेख्न लगाउने ।<br>०आउटलाईन नक्सा मा खोला संकेत गर्न लगाउने । | ३ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| | ३. ख्वप देको वरिपरि अवस्थित डाँडा, पहाड र जङ्गलको बारेमा बताउन । | ● ख्वप देको वरिपरि अवस्थित डाँडा र पहाडहरू जस्तै तेलकोट र नगरकोट (पूर्व), सूर्यविनायक, रानीकोट, रत्नागिरि (पूर्व), फूलचोकी (दक्षिण), चाँगु र त्रिशुल डाँडा (उत्तर) तथा यहाँका जङ्गल | ➢ वरिपरिको डाँडा देखिने विद्यालयको अग्लो स्थानमा लगेर अवलोकन गराउने ।<br>➢ उत्तर, दक्षिण, पूर्व, पश्चिम चारै दिशाका डाँडा र पहाडका नामहरू बताउन लगाउने ।<br>➢ नक्सामा यी डाँडा र पहाडको अवस्थिति देखाउने र नक्सा कोर्न लगाई डाँडा र पहाडको सङ्केत कोर्न लगाउने ।<br>➢ यी डाँडा, पहाड र जङ्गल ख्वप देको लागि पानीका स्रोत हुन् भनी बताउने ।<br>➢ यसले मनोरम प्राकृतिक दृश्यसमेत प्रदानगर्ने हुँदा पर्यटन विकासको लागि पनि महत्व भएको बताउने ।<br>➢ शहरभन्दा शान्त वातावरण हुनेहुँदा वनभोजको लागि ती ठाउँहरूको ठूलो महत्व भएको बारे छलफल गर्ने । | ० अनलाइन गुगल नक्सा<br>० अन्य भौतिक नक्सा | ० यी जङ्गल, डाँडा र पहाडको महत्व भन्न र लेख्न लगाउने ।<br>० यी जङ्गल, डाँडा र पहाडका फोटाहरू सङ्कलन गर्न लगाउने । | ५ |
| २. ख्वपको इतिहास | ४.ख्वप देको मध्यकालीन वा मल्लकालीन इतिहासको समयावधि अन्य कालहरूसँग तुलना गर्न । | ● नेपालको इतिहासका विभिन्न कालहरूमध्ये मध्यकालीन युगको समयावधिबारे चर्चा | ➢ नेपालको समय रेखामा लिच्छवि (वि.स ४७५ - ९३६) काल, मध्यकाल (वि.स ९३६ -१८२५ वा नेपाल सम्बत्को थालनी), आधुनिक काल वा शाहकाल (वि.स १८२५-२०६२) र गणतन्त्रात्मक काल (वि.स २०६२ देखि) इङ्गित गरी त्यसको बारेमा सामान्य जानकारी दिने ।<br>➢ नेपाल सम्बत्को थालनीसँगै मध्यकालीन युगको सुरूआत भएको बारे जानकारी दिने ।<br>➢ मध्यकालको दुई मुख्यकाल पूर्वमध्यकाल (वि.स ९३६-१५३९) र उत्तरमध्यकालको<br>➢ (वि.स १५३९ - १८२६) बारेमा सामान्य जानकारी दिने । | ० सम्बन्धित समय रेखाको चार्ट<br>० उपलब्ध लेखहरूको सङ्कलन<br>० स्थानीय पाठ्यक्रमको लागि तयार गरिएको स्रोत सामग्री<br>० अन्य विभिन्न इतिहासका पुस्तकहरू | ० यस मध्यकाल जम्मा कति वर्षको अवधि रहेको भनी हिसाब गराउने ।<br>० अन्य विभिन्न कालहरूको समयावधिको हिसाब गराउने ।<br>० लिच्छवि कालदेखि शाहकालसम्म समयावधिको हिसाबले क्रम मिलाएर लेखाउने । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| | ५. मध्यकालीन ख्वप देको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाबारे बताउन । | ● मध्यकालीन ख्वप देमा जनताले गर्ने आर्थिक कियाकलापहरू, सामाजिक सम्बन्ध तथा सास्कृतिक अवस्थाहरूको चर्चा | ➢ आजभन्दा ८००/९०० वर्ष पहिले ख्वपका जनता जीविकोपार्जनको लागि के कस्ता कार्यहरू होला भनी छलफल गराउने ।<br>➢ त्यसबेलाको अब्बल खेतीपाती र उब्जनीको बारेमा जानकारी गराउने ।<br>➢ खेतीपातीबाहेक बन्द-व्यापारमा पनि यसबेला धेरै राम्रो रहेको चर्चा गर्ने ।<br>➢ अब्बल खेतीपाती र प्रचुर उत्पादनले संस्कृति र सम्पदाको समेत विकास हुन गएको तथ्यबारे छलफल गर्ने ।<br>➢ यस मध्यकाल भाषा, संस्कृति, सम्पदा, र साहित्यको दृष्टिले धेरै उच्च तहमा रहेको बारेमा चर्चा गर्ने । | ○ फोटोहरु | ○ मध्यकालमा बनेका विभिन्न सम्पदाहरूको सूची तयार गर्न लगाई निर्माण गरिएको वर्ष पत्ता लगाउन लगाउने । | ३ |
| | ६. मध्यकालीन ख्वप देको राजनैतिक अवस्थाबारे बताउन । | ● त्यतिबेलाका प्रमुख मल्लराजाहरू र उनका शासनका विशेषता सम्बन्धी | ➢ पूर्वमध्यकालमा नेपाल 'नेपालमण्डल' नामले परिचित भएको र यस नेपालमण्डलको राजधानी नै ख्वप रहेको बारे छलफल गर्न दिने ।<br>➢ स–साना एकाइहरूमा विभाजित काठमाडौं उपत्यकाका विभिन्न राज्यहरूलाई विभिन्न समयमा एकीकरण गर्न राजा जयस्थिति मल्ल र यक्ष मल्लको योगदानको बारेमा चर्चा गर्ने।<br>➢ समाजलाई विभिन्न थितिमा बाँध्न वर्णाश्रमको व्यवस्थादेखि अन्य सामाजिक नीति नियमसम्म ख्वपलाई बाह्य शत्रु र आक्रमणबाट सुरक्षित गर्न जलदूर्ग र किल्लाको निर्माण गरेको बारे चर्चा । | ○ फोटोहरु | ○ राजा जयस्थिति मल्ल र यक्षमल्लको छोटो जीवनी लेख्न लगाउने ।<br>○ ख्वपलाई नेपालमण्डलको राजधानी बनाउन उनीहरूले गरेका योगदानका बारेमा बुँदा टिपाई वक्तृत्वकला कार्यक्रममा बोल्न लगाउने । | ३ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या<br><br>क) ख्वपका स्थानीय जातजातिका जनसाङ्यिक सूचक | ७. ख्वपका स्थानीय जानजातिका जनसाङ्ख्यिक सूचक बताउन ।<br><br>८. जनसाङ्ख्यिक सूचकमा आएको परिवर्तन बताउन । | ● स्थानीय जातिको जनसङ्ख्याको विभिन्न आधार (भाषा, जात, धर्म, उमेर, लिङ्ग) को बनोट तथा संरचना<br>● स्थानीय जातजातिको जनसङ्ख्यामा आएको परिवर्तन सम्बन्धी विवरण<br>● सम्बन्धित जातजातिको जनसङ्ख्या सूचकको तथ्याङ्क ।<br>● स्थानीय जातिको जनसङ्ख्यामा आएको परिवर्तनले ल्याएको असर | ➢ ख्वपमा रहेको जम्मा जनसङख्या सहित त्यसमा रहेको लिङ्ग, भाषा, धर्म, जातजाति, उमेर आदिको छुट्टा छुट्टै तथ्याङ्क प्रस्तुत गरी छलफल गर्ने ।<br>➢ ख्वपको विगत केही दशकको जनसाङ्ख्यिक सूचकहरूको तथ्याङ्क प्रस्तुत गरी तिनीहरू बीचमा तुलना गर्न लगाउने ।<br>➢ तुलना गर्दा घटीबढी भएको तथ्याङ्कबारेमा कारणहरू छलफल गर्ने, किन घटी वा बढी भयो ?<br>➢ आ-आफ्नो टोल छर-छिमेकको कुनै ५ घरमा सर्वेक्षण गर्न लगाई जनसाङ्ख्यिक सूचकहरू प्रस्तुत गर्न लगाउने । | ○ भक्तपुर नगरपालिकाबाट प्रकाशित भक्तपुर मासिक, तथ्याङ्क विभाग तथा वडा कार्यालयबाट प्राप्त तथ्याङ्कहरू<br><br>○ स्तम्भ चित्र, वृत्त चित्र आदि | ○ विद्यार्थीले गरेका कामको अवलोकनबाट मूल्याङ्कन । | ५ |
| ख) ख्वपका विशिष्ट व्यक्तित्वहरू | ९. ख्वपका विशिष्ट व्यक्तित्वहरूको परिचय दिन । | ● बासुदेवप्रसाद जोशी<br>● नगेन्द्र हाडा<br>● विष्णुभक्त भुजु<br>● आशाकाजी बासुकला | ➢ कक्षाकोठामा नाम चलेका व्यक्तिहरूको नाम र कामबारे सोध्ने र आएका उत्तर हरूलाई बोर्डमा सूचीबद्ध गर्ने ।<br>➢ ती मानिसहरू किन चर्चामा आए ? कुन क्षेत्र वा योगदानबाट चर्चित भए?प्रश्नोत्तर गर्ने।<br>➢ विषयवस्तुमाउल्लिखित व्यक्तित्वहरूको बारे जानकारी भए/नभएको प्रश्नोत्तरबाट थाहा पाउने ।<br>➢ शिक्षकले तस्वीरसहित सामान्य जानकारी दिने ।<br>➢ थप जानकारीका लागि सम्बन्धित व्यक्तिको घर, परिवार सङ्घ–संस्था, दलको कार्यालयसँग बुझेर समूहगतरूपमा कक्षामा लिखित प्रस्तुती दिन लगाउने । | ○ उल्लिखित व्यक्तिहरूको तस्वीर, चिनारी, जीवनी, रेकर्ड गरिएका सामग्री | ○ नगेन्द्र हाडाको छोटो परिचय दिनुहोस् ।<br><br>○ नरेन्द्र हाडाबाट प्राप्त गर्न सकिने प्रेरणाहरू केके हुनसक्छन्? लेख्नुहोस् । | १० |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ४.स्थानीय विविध संस्कृति<br><br>क) योमऱ्ही पुन्ही | १०. योमऱ्ही पूर्णिमाको अर्थ बताउन ।<br><br>११. योमऱ्ही पुन्ही मनाउने तिथिमिति बताउन ।<br><br>१२. यो पर्व मनाउने तरिका बताउन ।<br><br>१३. यस पर्वको सामाजिक, सांस्कृतिक र धार्मिक महत्व बताउन । | ● योमऱ्ही पूर्णिमा र धान्य पूर्णिमाको अर्थ ।<br><br>● मनाउने दिन र तरिका<br><br>● ढुकुटीमा लक्ष्मी र कुबेरको पूजा गर्न बनाउने विभिन्न योमऱ्ही, देवदेवता मायो बायो तथा अन्य मूर्तिहरू ।<br><br>● योमऱ्हीको सांस्कृतिक, धार्मिक र सामाजिक महत्व<br><br>● यसको निर्माण प्रक्रिया (सीप) | ➢ योमऱ्हीको चित्र देखाई सोध्ने: यो के हो?<br>➢ योमऱ्ही शब्द बोर्डमा लेखी यो नेवारी भाषाको शब्द हो । "यो =मनपर्ने तथा मऱ्ही=रोटी वा मिठाईभनी बताइदिने ।<br>➢ यस्तै तरिकाले निम्न लिखित प्रश्नहरू सोधी अन्तर्क्रियात्मक विधि अपनाई योमऱ्ही पूर्णिमाको विस्तृत ज्ञान दिने ।<br>➢ क-कसले योमऱ्ही खानुभएको छ ?<br>➢ योमऱ्ही के को बनाइन्छ ?<br>➢ योमऱ्हीभित्र के के राखिएको हुन्छ ?<br>➢ योमऱ्ही खाने पूर्णिमालाई के पूर्णिमा<br>➢ भनिन्छ ?<br>➢ योमऱ्ही बनाएको तपाईंहरूले देख्नुभएको छ ?<br>➢ योमऱ्ही बनाउँदा योमऱ्ही मात्र बनाइयो कि अरू विभिन्न आकृतिहरू पनि बनाइयो ?<br>➢ के के आकृतिहरू बनाइएको देख्नुभयो ?<br>➢ योमऱ्ही पूर्णिमाको दिन के के राखेर कहाँ पूजा गरेको देख्नुभयो?<br>➢ तपाईंहरू पनि साथीहरू मिलेर योमऱ्ही माग्न जानुभएको छ? के गीत गाएर माग्नुहुन्छ?<br>➢ "त्योछिं त्यो" गीत सार्न लगाउने गाउनेभाका सिकाइ दिने ।<br>➢ योमऱ्हीको चित्र सार्न लगाउने<br>➢ कुनै समय मिलाएर योमऱ्ही बनाउने प्रयोगात्मक कक्षा मिलाउनु राम्रो हुन्छ । | ○ योमऱ्हीका चित्र Video Clips | ○ योमऱ्हीको चित्र बनाउन लगाउने ।<br><br>○ योमऱ्ही पुन्हिको धार्मिक र साँस्कृतिक महत्व बयान गनर्रहोस् ।<br><br>○ यो मऱ्ही पूर्णिका दिन ढुकुटीमा यो मऱ्ही र के के निर्माण गरिएका आकृतिहरु (मूर्तिहरु) राखेर किन पूजा गर्दछन् ? लेख्न दिने । | ६ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ख) बुरांज्या | १४. बुरांज्या र वाखास्ये शब्दको अर्थ बताउन ।<br><br>१५. हाकुवा कसरी बनाइयो भन्ने सम्बन्धमा यसको ऐतिहासिक पृष्ठभूमिसम्बन्धी व्याख्या गर्न ।<br><br>१६. हाकुवा बनाउने प्रक्रिया बताउन ।<br><br>१७. खेतबाट खलोसम्म कालो धान भित्र्याउन गरिने प्रक्रिया, खानपिन र वाखास्ये कार्यक्रमको व्याख्या गर्न ।<br><br>१८. हाकुवा चामलको पौष्टिक तत्व र प्रयोग सम्बन्धी बताउन । | ● बुरांज्या र वाखास्ये शब्दको अर्थ ।<br><br>● हाकुवा (कालोधान) कसरी बनाइयो, यसको इतिहास<br><br>● खेतमा हाकुवा बनाउने प्रक्रिया ।<br><br>● बुराँज्या र वाखास्ये संस्कृति ।<br><br>● हाकुवाको महत्व र फाइदाहरू ।<br><br>● बुराँज्या सँस्कृतिलाई बचाउने उपायहरू ।<br><br>● हाकुवामा पाइने पौष्टिक तत्व र प्रयोग । | ➢ हाकुवा (कालो धान) नै देखाएर प्रश्न सोध्नुहोस्: यो हाकुवा कालो नै फलेको होला? वा यो कसरी कालो भयो होला ?<br><br>➢ विद्यार्थीलाई सोच्न लगाउने छलफल गर्ने र धान कालो बनाउने प्रक्रिया बुझाइदिने ।<br><br>➢ कक्षामा वा विज्ञान प्रयोगशालामा धानलाई कालो बनाउने प्रक्रिया अपनाई प्रयोग गराउने ।<br><br>➢ बुरांज्या र वाखास्ये शब्दहरूको अर्थ बताइदिने र यी शब्दहरू प्रयोग गर्ने संस्कृति सम्बन्धी वर्णन गरिदिने ।<br><br>➢ खेतबाट खलोसम्म वाखास्ये कार्यक्रम सञ्चालन गरी हाकुवा भित्र्याउने हाम्रो संस्कृतिभित्रका पूजाआजा, खानपिन, करूणामयको गीत गाउँदै वाखास्ये कार्यक्रमको परिक्रमा सम्बन्धी फोटो देखाउँदै स्पष्ट पारिदिने ।<br><br>➢ हाकुवाको कालो चामलमा पाइने पौष्टिक तत्व र यसको प्रयोग सम्बन्धी व्याख्या गरिदिने ।<br><br>➢ यस बुरांज्या संस्कृतिलाई बचाउन के कस्तो उपायहरू प्रयोगमा ल्याउन सकिन्छ ? छलफलद्वारा पत्ता लगाउने । | ○ कालो धान (हाकुवा)<br><br>○ वाखास्ये परिक्रमाको तस्वीर | ○ बुरांज्याको सुरूआत के कसरी भयो भन्ने सम्बन्धमा अभिभावकसँग सोध्न लगाई ती सुनेका पौराणिकताबारे लेख्न लगाई कक्षामा प्रस्तुत गरेको आधारमा मूल्याङ्कन गर्ने ।<br><br>○ बुराज्या भनेको के हो ?<br><br>○ हाकुवा चामलको पौष्टिक तत्वबारे बयान गर्नुहोस् ।<br><br>○ बुरांज्या र वाखास्ये शब्दको अर्थ स्पष्ट पार्नुहोस्. । | ६ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ग) गुँला बाजं | १९ गुँला बाजंको शाब्दिक तथा व्यावहारिक अर्थ बताउन ।<br><br>२०. गुँला बाजं बजाउने समय (महिना), स्थान रके कस्तो कार्यक्रममा बजाउन मिल्ने वर्णन गर्न ।<br><br>२१. गुँला बाजंमा प्रयोगमा आउने विभिन्न बाजाहरूको नाम, बनौट र निर्माण स्थल सम्बन्धी बताउन ।<br><br>२२. गुँला बाजंबाट बजाइने विभिन्न बोलहरूको नाम भन्न ।<br><br>२३. हाल भक्तपुरको कुन–कुन ठाउँमा गुँला बाजं सञ्चालनमा छन् भनी बताउन । | ● गुँला बाजंको शाब्दिक तथा व्यावहारिक अर्थ ।<br>● गुँला बाजं निरन्तर सञ्चालन हुने महिना ।<br>● परिक्रमा स्थल ।<br>● यसको प्रयोग गर्न मिल्ने कार्यक्रमहरू गुँला बाजंमा प्रयोगमा आउने विभिन्न बाजाहरूको नाम, बनौट र निर्माण स्थल ।<br>● गुँला बाजं बजाउने विभिन्न बोलहरूको नामकरण ।<br>● हाल भक्तपुरमा सञ्चालनमा आएका विभिन्न ठाउँका गुँला बाजंहरू । | ➢ भक्तपुरमा बजाउने गरेका विभिन्न बाजाहरू के के हुन्? नाम लेख्न लगाई बोर्डमा टिप्दै जाने ।<br>➢ लेख्नसक्ने बाजाका नामहरू : धेमाय् बाजा, बाँसुरी बाजा, धां बाजा, पछिमाय् बाजा, मादल बाजा, गुँला बाजा, झ्याका धलीं बाजा, पोङ्गा बाजा आदि<br>➢ गुँला बाजाको शाब्दिक तथा व्यावहारिक अर्थ बताइदिने ।<br>➢ तपाईंले गुँला बाजा कहिले (कुन महिनामा) कहाँ बजाएको देख्नुभएको छ ? छलफलद्वारा स्पष्ट पार्ने ।<br>➢ गुँला बाजा सहभागी हुन मिल्ने विभिन्न कार्यक्रमहरूको नाम लेखी कारणसहित व्याख्या गरिदिने ।<br>➢ गुँला बाजामा प्रयोगमा आउने सबै बाजाहरू: धां, नाय्खिंचा, भुस्या, छुस्याचा, ता, भएमा माय्लीं वा कनाथ सबैको चित्र बनाई चिनाइदिने र धाँसँग बजाउने बाजा र नाय्खिंचासँग बजाउने बाजाको सेट पनि लेखेर देखाइ दिने ।<br>➢ धाँ बाजाबाट बजाउन मिल्ने बोलहरू र नाय्खिंचाबाट बजाउन मिल्ने बोलहरूको नामावली लेखी सार्न लगाउने ।<br>➢ हाल भक्तपुरमा पशुपति महाविहार (बिकमाछें) , इन्द्रवर्ण महाविहार (इनाचो) र जेतवर्ण महाविहार (तेखाचो) गरी तीन समूह गुँला बाजा सञ्चालनमा आइरहेको कुरा व्याख्या गरिदिने । | ○ गुलाँ बाजाहरूका चित्र वा फोटोहरू<br>○ वास्तविक बाजाहरू हेर्ने मौक दिने ।<br>○ श्रावण भदौतिर बिहान बिहान यो बाजा बजाई चोक, विहार, बहि परिक्रमा गरेको अवलोकन गराउने । | ○ गुँला बाजाहरूको चित्र कोर्नुहोस् ।<br>○ गुँला बाजाबो छोटो परिचय दिनुहोस् ।<br>○ धाः र नायखिचा चित्र लेखि फरक देखाउनुहोस् ।<br>○ भुस्या र छुस्याचामा के फरक छ ?<br>○ यो बाजा जुनसुकै समयमा बजाउन मिल्छ ? किन ? | ६ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ५.प्रचलित स्थानीय संस्कारहरू : क) जैबिली ब्यंकेगु | २४. जैबिली शब्दको अर्थ र व्यवहारिक भाव बताउन ।<br>२५. जैबिली चोख्याउने अवधि (दिन) र त्यसमा गरिने विभिन्न क्रियाकलापहरूको व्याख्या गर्न ।<br>२६. जैबिलीमा चोख्याउनुपर्ने कारण बताउन ।<br>२७. जैबिली चोख्याउँदा खुवाउने विशेष खाना र सुत्केरीलाई प्रयोग गर्ने विशेष भाँडाकुँडासम्बन्धी परिचित गराउन ।<br>२८. हिजो र आजको सन्दर्भमा दिरीअजी (सुँडिनी) को भूमिका र महत्व बताउन । | ● जैबिलीको शाब्दिक र व्यावहारिक अर्थ ।<br>● जैबिली चोख्याउँदा गरिने विभिन्न कार्यक्रमहरू ।<br>● जैबिली चोख्याउनुपर्ने कारण, यस समयमा खुवाउने परम्परागत खाना, यसबेला प्रयोगमा आउने विशेष भाँडाकुँडा र शिशुलाई लगाइने परम्परागत गहना ।<br>● हिजो र आज दिरी अजिको भूमिका र महत्व । | ➢ जैबिली ब्यंकेगु शब्द कसले कसले सुन्नुभएको छ? यसको अर्थ के बुझ्नुभएको छ ? बोर्डमा लेखेर विद्यार्थीहरूको विचार सुन्ने र छलफल गर्ने ।<br>➢ जैबिली कति दिनमा चोख्याइन्छ? यस प्रश्नको उत्तर विद्यार्थीहरूको अनुभवको आधारमा बोर्डमा लेखेर सङ्कलन गर्ने ।<br>➢ जैबिली चोख्याउने दिन सरसफाइलाई विशेष महत्व दिई सरसफाई गर्छन् किन होला ? यस प्रश्नमा बढी चिन्तन मनन गर्न लगाई विद्यार्थीको उत्तर बोर्डमा लेख्दै जाने ।<br>➢ जैबिली चोख्याउने दिन कसले, कहाँ कहाँ के विशेष नैवेद्य राखी पूजा गर्छन् ? छलफल गर्ने ।<br>➢ काँयबाटा, मचाआंगु, ल्हासिखचा, मचाकछि इच्वा, लःपुसा सम्बन्धी चित्र बनाई नाम र कामको जानकारी दिने ।<br>➢ हिजो र आजको सन्दर्भमा दिरी अजिको महत्व सम्बन्धी छलफल गरी एउटा–एउटा लेख लेख्न लगाउने । | ○ काँयबाटा,<br>○ मचाकछि,<br>○ लावसा<br>○ मच्चा आंगु<br>○ ल्हासिखचाको<br>○ चित्र । | ○ तपाईंको घरमा जैबिली कति दिनमा चोख्याइयो ?<br>○ त्यसबेला कुन देवी देवताको पूजा कसले गरे ?<br>○ यसबेला प्रयोगमा आउने विशेष चढाउने खाद्यान्न घरको बजै बाजे आमाबुवासँग सोधी एउटा लेख लेख्न लगाई कक्षामा भएको बुलेटिन बोर्डमा राख्ने ।<br>○ कायँबाटा, मचाकछि, लावसा, मचाआंगु ल्हासिखचा, सुकुनाको राम्रो चित्र बनाउन लगाउने । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ६. स्थानीय बोलीचाली र लिपि<br><br>क) स्थानीय भाषामा कुराकानी | २९. आफ्नो दिनचर्याको लागि आवश्यक सामग्रीका निम्ति स्थानीय बजारमा स्थानीय भाषीसँग कुराकानी गर्न र किनमेल गर्न । | ● छि गना झायागु ?<br>● पसले झाय्गुला ?<br>● छु नेङ दियाले ?<br>● थ्व तरकारी (साखेचा, तुकंचा, चंसुपलाँचा) छथुया गुलिथें ?<br>● छथुया हिर्का जक:<br>● थ्वयां भातिचा थिके जुलक:<br><br>● उलिमछिं अप्व धायेदिय् मते ।<br>● बुब (मुस्या, कय्गु, भुति) कुछिनं तयो दिसँ ।<br>● थ्व केरा पाकेजुगु ख:ला ?<br><br>● पाके जुल ।मखुसा छपु भपियो दिसँ ।<br>● गथे याङ बियो दियाले ?<br>● भ: गुलि थें ?<br>● दर्जनं सछि जक ?<br>● थ्व भुती छु भ ले ?<br>● किलों पि: तक्का जक ।<br>● गनानं हय: दियागु ?<br>● झिगुहे किबाय् स:गु । यंक दिसँ ।<br>● ना धेब्बा काय: दिसँ<br>● चानचुन मरूला ?<br>● द: ना , काय् दिसँ ।<br>● लिपा नं झासँ न्हे । | ➢ स्थानीय तरकारी बजार, फलफूल पसल र किराना पसलमा स्थानीय मानिसहरू र पसले बीच कुराकानी हुँदा भएको कुराकानी चित्रसहितको संवाद चार्ट बोर्डमा टाँस्ने र स्थानीय भाषाका शब्द र वाक्यको अर्थबारे छलफल गर्ने ।<br>➢ दुई-दुई जनालाई अगाडि बोलाई पसले र ग्राहकको अभिनय गर्न लगाउने ।<br>➢ अप्ठेरो महसुस गरेको ठाउँमा शिक्षकले सहजकर्ताको भूमिका निभाउने ।<br>➢ स्थानीय तरकारी बजार, फलफूल पसल र किराना पसलका पसले वा साहूहरूसँग<br>➢ स्थानीय बोलीचाली भाषामा किनमेल गर्न लगाउने ।<br>➢ विद्यार्थीहरूलाई समूह बनाई स्थानीय बजारमा पठाउने र पसलेबीच भएको कुराकानी सदृश्य रेकर्ड गरी ल्याउन लगाउने । कक्षामा सुनाउने वा देखाउन लगाउने ।<br>➢ विद्यार्थी र र पसले भएर गरेको कुराकानी पुन: अभिनय गर्न लगाउने र त्यसको रेकर्ड गरी पुन: कक्षामा देखाउने । मिले/नमिलेको साथीहरूलाई टिप्पणी गर्न लगाउने वा आत्मप्रतिबिम्ब गराउने ।<br>➢ शिक्षकले पृष्ठपोषण दिने । | ○ मोबाइल, फ्लास कार्ड, संवाद, चार्ट, रेकर्डर | ○ अवलोकन | ६ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ख) प्रचलित लिपि र रञ्जना लिपि | ३०. प्रचलित लिपि र रञ्जना लिपिको स्वर वर्ण र संयुक्त अक्षर लेख्न र पढ्न । | ● प्रचलित लिपि र रञ्जना लिपिका स्वर वर्णहरू<br>● प्रचलित लिपि र रञ्जना लिपिका संयुक्त अक्षरहरू | ➢ प्रचलित लिपि र रञ्जना लिपि साथ -साथमा रहेको चार्ट फोटोकपी गरी विद्यार्थीहरूको समूह-समूहमा बाँड्ने ।एकप्रति ठूलो चार्ट बोर्डमा टाँस्ने ।<br>➢ ती लिपिहरूको भिन्नताबारे छलफल गर्ने ।<br>➢ प्रचलित लिपि र रञ्जना लिपिको श्रव्य दृष्य देखाई लेख्न प्रेरित गर्ने ।<br>➢ प्रचलित लिपि र रञ्जना लिपिका जानकार गुरुहरूलाई बोलाई कक्षा लिन लगाउने ।<br>➢ प्रचलित लिपि र रञ्जना लिपिका संयुक्त अक्षरहरू लेख्न अभ्यास गराउने । | ○ प्रचलित लिपि र रञ्जना लिपिका स्वर वर्ण र संयुक्त अक्षरका चार्ट<br>○ श्रव्यदृश्य सामग्री | ○ अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>○ दुवै लिपिका केही अनुच्छेदहरू लेख्न लगाउने । | १० |
| ७. स्थानीय कला र सम्पदा<br><br>क) स्थानीय मन्दिरहरू | ३१. स्थानीय मन्दिरहरू (दशैंको नवरातअन्तर्गत दर्शन गर्ने मन्दिरहरू: (ब्रह्मायणी, माहेश्वरी, कुमारी, भद्रकाली, बाराही, इन्द्रायणी, त्रिपुरासुन्दरी)तथा मुनी बिहारको परिचय दिई तिनका धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूवारे वर्णन गर्न । | ● दशैको नवरात अन्तर्गत जाने मन्दिरहरू :<br>● ब्रह्मायणी<br>● माहेश्वरी<br>● कुमारी<br>● भद्रकाली<br>● बाराही<br>● इन्द्रायणी<br>● महाकाली,<br>● महालक्ष्मी,<br>● त्रिपुरासुन्दरी तथा<br>● मुनी विहार | ➢ दशैंमा कोही विद्यार्थीलाई बुवा आमासँग नवरात जानुभएको छ ? भनी प्रश्न गर्ने ।<br>➢ नवरातअन्तर्गत कुन–कुन मन्दिरमा गइन्छ ? भनी प्रश्न गर्ने र आएको जवाफ सेतोपाटीमा टिप्दै जाने ।<br>➢ ती मन्दिरहरूमा रहेका शिलालेखहरू टिपोट गर्न लगाई त्यसको ऐतिहासिक एवम् सामाजिक महत्वबारे जानकारी दिने ।<br>➢ दसैको नवरात अन्तर्गत जाने मन्दिरहरू: ब्रह्मायणी, माहेश्वरी, कुमारी, भद्रकाली, बाराही, इन्द्रायणी, महाकाली, महालक्ष्मी, त्रिपुरासुन्दरी तथा मुनी विहारमा अवलोकन भ्रमण गराई छलफल गर्ने ।<br>➢ ती सम्पदाहरू कुन धर्मसँग सम्बन्धित छन् तिनीहरूको अवस्थाबारे प्रतिवेदन पेस गर्न लगाउने ।<br>➢ मन्दिरहरूको परिचय तथा फोटो टाँसी फोटो एल्बम बनाउन दिने | ○ मन्दिरको चित्र , शिलालेखको फोटो , मन्दिरको भित्रको देवताको फोटो<br>○ किंवदन्तीहरूबारे लेखिएका टिपोटहरू | ○ छलफलमा स्पष्ट प्रस्तुति,<br>○ प्रश्नउत्तर<br>○ प्रतिवेदन प्रस्तुति | ६ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ख) स्थानीय पोखरीहरू (पुखु) | ३२. तः पुखु (पोखरी),नः पुखु, बाहारे पुखुकोधार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न । | ● तः पुखु, नः पुखु, बाहारे पुखुको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरू | ➢ विद्यार्थीहरूलाई तः पुखु, नःपुखु र बाहारे पुखुबारे के थाहा छ ? भनी प्रश्न गर्ने ।<br>➢ तः पुखु, नःपुखु र बाहारे पुखुको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न ।<br>➢ ती पोखरीहरूको निर्माण तथा किंवदन्तीबारे आफ्ना अभिभावक, टोलका जानकार व्यक्तिहरूसँग भेटघाट र छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>➢ ती पोखरीहरूको उपयोगिताको बारेमा समूह कार्य गर्न लगाउने र पोखरी सुधार, संरक्षण तथा सम्बर्द्धनबारे छलफल गर्ने ।<br>➢ तः पुखु, नःपुखु र बाहारे पुखु अवलोकन भ्रमण गराई कुनै एकको प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | ○ पोखरीका चित्रहरू | ○ छलफलमा सहभागिता प्रश्नउत्तर र प्रतिवेदन प्रस्तुति | ५ |
| ग) स्थानीय ढुङ्गेधारा | ३३. ख्वपको पूर्वतर्फ फर्केका नौ वटा ढुङ्गेधाराहरूको परिचय तथा सांस्कृतिक पक्षबारे बताउन । | ● ख्वपको पूर्वतर्फ फर्केका नौ वटा ढुङ्गेधाराहरू :<br>१) भुलुभुलु हिति,<br>२) तचपाल भिसिँचो हिति,<br>३) भार्वाचो बजिगांचा हिति,<br>४) नासमना दबु हिति,<br>५) इनारे चः थिकच्वंगु हिति<br>६) इनारे लुखाहिति<br>७) टौमढी धौभडेल चोक हिति | ➢ ख्वपको पूर्वतर्फ फर्केका नौ वटा ढुङ्गेधाराहरूबारे क–कसलाई केके थाहा छ ? भनी कक्षामा सोध्ने ।<br>➢ ख्वपको पूर्वतर्फ फर्केका नौ वटा ढुङ्गेधाराहरू रहेको स्थान तथा त्यसको ऐतिहासिक महत्वबारे छलफल गर्ने ।<br>➢ नौ वटै ढुङ्गेधाराहरू :<br>१) भुलुभुलु हिति,<br>२) तचपाल भिसिचो हिति,<br>३) भार्वाचो बजिगांचा हिति, | ○ पूर्वतर्फ फर्केका नौ वटा ढुङ्गेधाराको चित्र | ○ छलफलमा सहभागिता र प्रस्तुति | ४ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| | | ८)टिबुक्छें हिति<br>९) भध्वाका हिति | ४)नासमना दबु हिति,<br>५)इनारे द्यः थिकच्वंगु हिति<br>६) इनारे लुखाहिति<br>७)टौमढी धौभडेल चोक हिति<br>८)टिबुक्छें हिति<br>९) भध्वाका हिति<br>➢ अवलोकन गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>➢ ती ढुङ्गेधाराहरूको हालको स्थिति कस्तो छ वर्णन गर्न लगाउने | | | |
| घ) स्थानीय चित्रकला | ३४. गाईजात्राको खपाको चित्र कोर्न ।<br>३५. नागपञ्चमीको नागको चित्र कोर्न । | ● गाईजात्राको खपाको चित्र<br>● तथा नागपञ्चमीको नागको चित्र । | ➢ सांस्कृतिक/ धार्मिक चित्रहरूकहाँ–कहाँ कुन बेला आफूले देखेको हो समूह बनाई छलफल गर्न लगाउने ।<br>➢ गाईजात्रा तथा नागपञ्चमीको चित्र देखाई यसको धार्मिक तथा सांस्कृतिक महत्वबारे छलफल गर्ने ।<br>➢ सम्भव भए ती चित्रहरू बनाउँदै गरेको ठाउँमा अवलोकन गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>➢ ती चित्रहरू समूह–समूह बनाई कोर्न लगाउने ।<br>➢ विद्यार्थीहरूले बनाएका चित्रहरू प्रदर्शन पाटीमा टाँसी प्रोत्साहन गर्ने । | ○ गाईजात्रा तथा नागपञ्चमीको वास्तविक चित्रहरू | ○ छलफल र अवलोकनमा सहभागिता, प्रतिवेदनको प्रस्तुतिबारे मूल्याङ्कन | ४ |
| ङ) स्थानीय मूर्तिकला | ३६. दरबार क्षेत्रभित्र रहेका ढुङ्गाका मूर्ति,धातुका मूर्ति र काठका मूर्तिहरूको छोटो परिचय दिन ।<br>३७. तिनीहरूको अवस्थिति बताउन । | ● दरबार क्षेत्रभित्र रहेका ढुङ्गाका मूर्ति,धातुका मूर्ति र काठका मूर्तिहरूको परिचय तथा तिनीहरूको अवस्थिति | ➢ दरबार क्षेत्रमा भ्रमण गरी त्यहाँ भएका ढुङ्गाका मूर्ति,धातुका मूर्ति र काठका मूर्तिहरू अवलोकन गर्न लगाउने र ती मूर्तिको परिचय तथा महत्व बताउने ।<br>➢ ती मूर्तिका कला पक्ष -केको मूर्ति, मूर्तिमा रहेका बुट्टाहरू र अहिलेको अवस्था बारे अवलोकन गरी कक्षामा प्रस्तुत गर्न लगाउने र त्यसमा रहेका भावभङ्गीहरू बुझ्न शिक्षक विद्यार्थीहरू बीच छलफल गर्ने । | ○ ढुङ्गा, काठ र धातुका मूर्तिहरू भएको ब्रसर ,फोटो र Visual file | ○ छलफल र अवलोकनमा सहभागिता प्रस्तुति | ६ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| | | | ➢ दरबार क्षेत्रभित्र रहेका ढुङ्गाका मूर्ति, धातुका मूर्ति र काठका मूर्तिहरू देखाई ती मूर्तिहरूकेबाट बनेका, कुन देवताका तथा कहाँ अवस्थित छन् ? जस्ता कुराहरू समावेश गरी छोटो परिचय दिन लगाउने ।<br>➢ तिनीहरू किन निर्माण गरिए भन्ने बारे चर्चा गर्न लगाउने ।<br>➢ ढुङ्गाका मूर्ति, धातुका मूर्ति र काठका मूर्ति बनाउने स्थानहरूमा भ्रमण गरी मूर्ति बना उने प्रक्रियाबारे सोधपुछ गर्न लगाउने । | | | |
| ८. स्थानीय व्यवसाय सीप र प्रविधिविक पेशा | ३८. कृषिजन्य पेशाअन्तर्गत तरकारी उब्जाउने पेशा,फलफूल उब्जाउने पेशा, अन्न उब्जाउने पेशा तथा तेलहन उब्जाउने पेशाको परिचय दिन ।<br>३९. ती पेशाहरूको फाइदा तथा यसको आधुनिकता बारे बताउन । | ● तरकारी उब्जाउने पेशा,<br>● फलफूल उब्जाउने पेशा,<br>● अन्न उब्जाउने पेशा तथा तेलहन उब्जाउने पेशाको परिचय, फाइदा तथा यी पेशाहरूको आधुनिकता । | ➢ स्थानीय रूपमा उत्पादन हुने कृषिजन्य पेशाहरूमा अन्न उब्जाउने पेशा, तरकारी उब्जाउने पेशा, फलफूल उब्जाउने पेशा र तेलहन उब्जाउने पेशाको परिचय दिने ।<br>➢ अन्न उब्जाउने पेशा, तरकारी उब्जाउने पेशा, फलफूल उब्जाउने पेशा र तेलहन उब्जाउने पेशाको महत्वबारे छलफल गर्ने<br>➢ अन्न उब्जाउने पेशा, तरकारी उब्जाउने पेशा, फलफूल उब्जाउने पेशा र तेलहन उब्जाउने पेशाको फाइदा तथा यस पेशाको आधुनिकता बारेमा शिक्षकले विस्तृत व्याख्या गर्ने । | ○ अन्न गेडागुडी,तोरी, सुकेका सागहरू राखेको प्लास्टिकका पाकेटहरू फलफूलका चित्र शब्द पत्ती र visual file | ○ छलफल,अवलोकनमा सहभागिता,प्रतिवेदन र प्रश्नोत्तर | ५ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ख) कौसी खेती | ४०. कौसी खेतीको परिचय, यसको फाइदा तथा कौसी खेती गर्न । | ● कौसी खेतीको परिचय,<br>● कौसी खेतीमा ध्यान दिनुपर्ने कुराहरू<br>● कौसी खेतीका फाइदाहरू | ➢ कौसी खेती भनेको के हो ? भनी विद्यार्थीहरूसँग प्रश्न गर्ने ।<br>➢ सामान्यतया कुनै पनि घर तथा भवनको छत, बरण्डामा उपयुक्त भाँडो, गमला, बोराजस्ता सामग्रीमा बोटबिरूवा तथा तरकारी उमार्ने प्रविधिलाई कौसी खेती भनिन्छ भनी बताउने ।<br>➢ विद्यार्थीहरूले आ-आफ्नो घरमा कौसी खेती गरे नगरेकाबारे छलफल गर्ने ।<br>➢ कौसी खेतीको फाइदा तथा कौसी खेती गर्ने विधिबारे बताउने ।<br>➢ सम्भव भए विद्यालयको कुनै ठाउँमा कौसी खेती गर्ने । | ○ भिडियो क्लिप्स, चित्र वा तस्वीर | ○ कौसी खेती भनेको के हो ? यसका फाइदाहरू बताउनुहोस् । | ५ |
| ग) प्राङ्गारिकमल | ४१. भान्छाबाट निस्कने फोहरलाई कुहिने र नकुहिनेमा छुट्याई कुहिने फोहरलाई प्राङ्गारिकमल बनाउन । | ● प्राङ्गारिकमलको परिचय<br>● प्राङ्गारिक मल बनाउने तरिका<br>● प्राङ्गारिकमलका फाइदाहरू | ➢ प्राङ्गारिकमल भनेको के हो? भनी प्रश्न गर्ने ।<br>➢ प्राङ्गारिकमल क-कसको घरमा छ ? भनी प्रश्न गर्ने ।<br>➢ आफ्नो घर, भान्छाबाट निस्केका जैविक फोहरलाई कम्पोस्ट विनमा राखी कम्पोस्ट मल बनाउन सकिने कुरा बताउने ।<br>➢ प्राङ्गारिकमल बनाउने विधिहरू तथा फाइदाहरूबारे बताउने ।<br>➢ सम्भव भए विद्यालयको भान्छाबाट निस्केको जैविक फोहरबाट विद्यालयको कुनै ठाउँमा कम्पोस्ट मल बनाउन र विद्यार्थीहरूलाई अवलोकन गराउने । | ○ भिडियो क्लिप्स, फोटोहरू | ○ प्राङ्गारिक मल भनेको के हो ? यसका फाइदाहरू बताउनुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| स्थानीय स्तरका गैरकृषिजन्य पेशाहरू | ४२. स्थानीय स्तरका गैरकृषिजन्य पेशाहरूमध्ये फर्निचर, वर्कशप, किराना पसलको परिचय, महत्व, फाइदा तथा समस्याहरू बताउन । | ● फर्निचर, वर्कशप, किराना पसल | ➢ कृषिजन्य कामहरूबाहेक आर्थिक लाभका निम्ति आफ्ना परिवारका सदस्यहरू केकेमा लागेका छन्, छलफल गर्ने ।<br>➢ विद्यार्थीबाट प्रस्तुत भएका गैरकृषिजन्य पेशाहरूको सामान्य जानकारी दिने ।<br>➢ विद्यार्थीहरूलाई वास्तविक कार्यक्षेत्रमा अवलोकन भ्रमण गराउने र व्यवसायीसँग छलफल गरेर टिपेको बुँदाहरूको आधारमा प्रतिवेदन तयार गर्न लगाउने | ○ तस्वीर तथा visual file | ○ प्रतिवेदन र प्रश्नोत्तर | ३ |
| लोप हुन लागेको स्थानीय वेशभूषाहरू | ४३. लोप हुन लागेको स्थानीय वेशभूषाहरूमध्ये पुथु म्हिचा (सुर्के थैली) को निर्माण प्रक्रिया बताउन । | ● परम्परागत पुथु म्हिचा (सुर्के थैली) | ➢ लोप हुन लागेको स्थानीय वेशभूषाहरूको सूची तयार गर्न लगाउने ।<br>➢ सुर्के थैलीको परिचय, यसको महत्व, प्रयोग, मौलिकता आदिबारे कक्षामा छलफल गर्ने ।<br>➢ सुर्के थैली निर्माण गर्ने ठाउँमा अथवा सुर्के थैली निर्माण गर्ने सूचीकारलाई कक्षामा बोलाइ यसको निर्माण प्रक्रिया बताउन लगाउने र निर्माण प्रक्रियाको प्रतिवेदन तयार गर्न लगाउने । | ○ परम्परागत सुर्के थैली<br>○ भिडियो क्लिप्स् । | ○ प्रस्तुती र प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने । | ५ |
| कपडाको पुतली | ४४. कतामरी (कपडाको पुतली) बनाउने तरिका बताउन । | ● कतामरी (पुतली) | ➢ कपडाको पुतली बनाएर क-कसले खेल्नुभएको छ? भनी कक्षामा सबैलाई प्रश्न गर्ने ।<br>➢ कपडाको पुतली बनाउने प्रक्रियाबारे कक्षामा छलफल गर्ने ।<br>➢ घरमा तथा छिमेकमा कसैलाई कपडाको पुतली बनाउन आउँछ भने सिकेर आउन प्रेरित गर्ने । | ○ कपडाको पुतली तथा भिडियो क्लिप्स् । | ○ अवलोकन | ५ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| | | | ➢ कपडाको पुतली बनाउने स्थानमा लगेर वा पुतली बनाउन आउने व्यक्तिलाई कक्षामा बोलाएर पुतली निर्माण गर्ने प्रक्रिया बताउने ।<br>➢ प्रत्येक विद्यार्थीलाई पुतली बनाउन लगाई उनीहरूले बनाएका पुतलीहरू प्रदर्शन गर्ने । | | | |
| ख) स्थानीय प्रविधि: माटोबाट बन्ने सामग्री | ४५. माटोबाट बन्ने गमला, निर्माण गर्ने प्रक्रिया बताउन तथा मुकुन्डो निर्माण गर्न । | ● मोटाको गमला निर्माण प्रक्रिया<br>● मुकुन्डो निर्माण विधि | ➢ गमला देखाउँदै यसको महत्व तथा निर्माण प्रक्रियाको बारे छलफल गर्ने ।<br>➢ गमला बनाउने स्थानमा भ्रमण गराई यसको निर्माण प्रक्रियाबारे प्रस्तुत गर्न लगाउने ।<br>➢ माटाको स-साना मुकुण्डो बनाउने तरिका बताउने र निर्माण गर्न प्ररित गर्ने । (सर्वप्रथम केही माटो लिएर आफूले बनाउन चाहेको मुकुन्डोमा टाँस्ने । राम्ररी सबैतिर थिच्ने । माटोलाई बिस्तारै निकाल्ने । छापेको माटो सुक्न दिने । उक्त सुकेको माटोमा अर्को, कालोमाटो टाँस्ने र बिस्तारै निकाल्ने ।अब तपाईंको मुकुन्डो तयार भयो । अन्तमा आवश्यक फिनिसिङ गर्ने ।) (मुकुण्डोको साँचो बनाउने र साँचोबाट मुकुण्डो बनाउने)<br>➢ विद्यार्थीले बनाएका मुकुन्डोमा रङ्ग भरी प्रदर्शन गर्ने । | ○ माटाको गमला र visual footage हरु | ○ प्रस्तुतीकरण तथा निर्माण गरेको सामग्रीको आधारमा मूल्याङ्कन गर्ने | ५ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| नेवारी खाद्य परिकार | ४६. योमरी, मुटुमरी र ल्होंचामरी बनाउन | ● योमरी, मुटुमरी ल्होचामरी | ➢ तपाईंहरूमध्ये क-कसले योमरी, मुटुमरी, ल्होचामरी खानुभएको छ? यो कहिले बनाउँछ? यो कुन जातिले बनाउँछ? यसका फाइदाहरू केके छन् जस्ता विभिन्न प्रश्न गरेर कक्षामा छलफल गर्ने ।<br>➢ सबै विद्यार्थीहरूको सहभागितामा (सम्भव) भए शिक्षक पनि) योमरी, मुटुमरी तथा ल्होंचामरी बनाउन लगाउने ।<br>➢ विद्यार्थीले बनाएको योमरी, मुटुमरी तथा ल्होचामरीको आकार-प्रकार, बनौट, चाकु तथा तिल राखेको आदि अवलोकन गर्ने ।<br>➢ नमिलेको ठाउँमा शिक्षकले सिकाउने ।<br>➢ उक्त बनाएको योमरी, मुटुमरी तथा ल्होचामरीहरू वाफमा पकाउने ।<br>➢ पाकिसकेको योमरी, मुटुमरी तथा ल्होचामरी बाँडेर खुवाउने । | ○ योमरी,मुटुमरी, ल्होचामरी बनाउन आवश्यक भाँडाकुँडा,<br>○ भिडियो क्लिप्स् | ○ योमरी,मुटुमरी ल्होचामरी बनाउने प्रयोगात्मक कक्षामा सहभागिता, | ५ |
| | ४७. पुस्टकारी बनाउन | ● पुस्टकारीका फाइदाहरू तथा पुस्टकारी बनाउन आवश्यक सामग्रीहरू | ➢ पुस्टकारी देखाउँदै पुस्टकारी के हो? यो कसरी बनाइन्छ ? यसका फाइदाहरू केके छन् ? चकलेटभन्दा पुस्टकारी किन फाइदा छन्? जस्ता प्रश्न गरी छलफल गर्ने ।<br>➢ पुस्टकारी बनाउन आवश्यक सामग्रीहरू (चाकु, दूध, घिउ, भाँडाकुँडा, ग्याँस) जम्मा गरी बनाउने प्रक्रियाबारे जानकारी दिने ।<br>➢ सबैलाई पुस्टकारी बनाउन दिने । | ○ पुस्टकारी बनाउन चाहिने सामग्रीहरू<br>○ तथा भिडियो क्लिप्स् । | ○ पुस्टकारी बनाउने प्रयोगात्मक कक्षामा सहभागिता | ५ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ९. स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | ४८. साधारण स्थानीय उपचार विधिको प्रयोग गर्न | ● साधारण उपचार विधिहरू जस्तै:<br>● चौलानीपानी र राजवृक्ष<br>● हात खुट्टा मर्कंदा प्रयोग गर्ने पा:वास | ➢ आ-आफ्नो घरमा साधारण बिरामी हुँदा घरमा नै उपचार गर्ने घरायसी तरिकाहरू विद्यार्थीहरूसँग सोध्ने र छलफल गर्ने ।<br>➢ कुनै रोग वा चोटपटक लाग्दा घरैमा उपचार गर्न लगाएको कुनै जडीबुटीहरूको नाम वा उपचार विधि छ भने सोध्ने र सेतोपाटीमा लेख्ने ।<br>➢ विद्यार्थीहरूबाट आएका नामहरूबारे छलफल गरी जडिबुटिको नाम र उपचार विधिको उपयोगिताको छलफलपछि घरायसी उपचार विधिहरूको छलफल गर्ने ।<br>➢ विद्यार्थीहरूसँग थाहा भएको थप घरायसी उपचार विधि सोध्ने र त्यसलाई क्रमश: टिप्दै छलफल गर्ने ।<br>➢ थप उपचार विधिबारे छलफल गर्ने, जस्तै:<br>➢ चौलानी पानी र राजवृक्षको प्रयोग, बनाउने विधि तथा उपचार हुने रोगको जानकारी<br>➢ हात खुट्टा मर्कदा प्रयोग गर्ने<br>➢ पा:वास बनाउने तरिका र प्रयोग विधि | ○ चामल,<br>○ राजवृक्ष<br>○ लेप(पा:वास) को लागि आवश्यक सामग्रीहरू | ○ चौलानीपानी र राजवृक्ष सामान्यतया: कुन रोगको लागि प्रयोग गरिन्छ?<br>○ पा:वास कसरी तयारी गरिन्छ? | ८ |
| १०. स्थानीय खेल | ४९. स्थानीय खेलहरूखेल्न ।<br>५०. उक्तखेलहरू खेल्ने विधि बताउन । | ● ततामाको (डण्डीबियो)<br>● पायँ् | ➢ सर्वप्रथम विद्यार्थीहरूलाई स्थानीय पुराना खेलहरूबारेमा छलफल गर्ने ।<br>➢ चउरमा लगि विद्यार्थीहरूलाई समूहमा छुट्टयाई ततामाको र पायँ् खेलहरू खेलाउने ।<br>➢ खेल खेलाउनुअघि खेल खेल्ने नियम राम्ररी बुझाउने ।<br>➢ खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने<br>➢ विद्यार्थीहरूले क-कसले राम्रो खेले/नखेलेको रेकर्ड राख्ने ।<br>➢ घरमा आफ्नो अभिभावकसँग पुराना खेल के के छन् र कसरी खेल्न सकिन्छ ? सोधेर आउन भन्ने । | ○ ततामाकोको बच्चा र माउ लठ्ठी<br>○ पायँहरू | ○ खेल खेलाएर अवलोकन गर्ने | १३ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | बिषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ११. स्थानीय पर्यटन | ५१. पर्यटकीय महत्व बताउन ।<br>५२. पर्यटकलाई आकर्षण गर्ने क्षेत्रहरू पहिचान गर्न ।<br>५३. होमस्टेको परिचय बताउन । | ● पर्यटनको आवश्यकता र महत्व<br>● पर्यटकलाई आकर्षण गर्ने क्षेत्रहरू<br>● होमस्टे | ➢ श्रव्य दृश्य देखाई पर्यटक र पर्यटनको बारेमा छलफल गर्ने ।<br>➢ पर्यटनको महत्व र आवश्यकतालाई समूहमा छलफल गराई समूह प्रस्तुतीकरण गर्न लगाउने त्यसमा नपुग भए शिक्षकले थपिदिने ।<br>➢ ख्वपमा पर्यटक किन आउँछ? भनी प्रश्न गरी त्यसको कारणहरूको सूची तयार गरी छलफल गर्ने ।<br>➢ आफू घुमेको ठाउँको बारेमा सूची बनाउन लगाउने र घुम्न जानुको कारण सोधी आफूलाई घुम्दा केले आकर्षण गरेको हो त्यसको बारेमा छलफल गर्ने ।<br>➢ यसरी पर्यटकहरूलाई आकर्षण गर्ने तत्वहरू उल्लेख गर्ने ।<br>➢ विद्यार्थीहरूलाई कुनै पर्यटकीय स्थलको भ्रमण गराउने र पर्यटक हुँदा अनुभूति गरेका कुराका आधारमा अन्य पर्यटकको आवश्यकता, चाहना, क्रियाकलाप, महत्व आदिको विश्लेषण गर्न लगाउने ।<br>➢ भ्रमणपछि भ्रमणमा दैनिकी तयार गर्न लगाउने र आफ्नो अनुभव कक्षामा सुनाउन लगाउने ।<br>➢ श्रव्य–दृश्य सामग्री देखाउँदै छलफलबाट होमस्टे को परिचय दिने ।<br>➢ सकिन्छ भने स्थानीय होमस्टेको अवलोकन गराई विद्यार्थीहरूलाई प्रतिवेदन तयार गराउने । | ○ पर्यटकका तस्वीरहरू<br>○ पर्यटकलाई आकर्षक गर्ने क्षेत्रका तस्वीर<br>○ चार्टहरू<br>○ भिडियो क्लिप्स<br>○ होमस्टेको फोटोहरू | ○ बालबालिकाले पर्यटकको भूमिका निर्वाह गरिरहँदा अवलोकन गरी पृष्ठ पोषण दिने<br>○ भ्रमणपछि अनुभव सुनाउन लगाउने र प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने<br>○ होमस्टे बारे छोटो प्रश्न सोधी मूल्याङ्कन गर्ने | १० |

# कक्षा ७ को लागि मूल्याङ्कन प्रक्रिया

## प्रयोगात्मक कार्य

यो प्रयोजनका लागि कूल पाठ्यघन्टीका ५० प्रतिशत समय दिनु अनिवार्य छ । कक्षाभित्र, कार्यशालामा वा स्थलगत परियोजना कार्यसमेतमा दिइएको समयलाई प्रयोगात्मक भारभित्र लिन सकिनेछ । प्रयोगात्मक कार्यका लागि स्थानीय स्तरमा उपलब्ध हुने स्रोत व्यक्तिहरूको समेत सहयोग लिनु पर्नेछ ।

## मूल्याङ्कन प्रक्रिया

ख्वपको पहिचान विषयको सिकाइ उपलब्धि मूल्याङ्कनका लागि सैद्धान्तिक परीक्षा र प्रयोगात्मक परीक्षाको व्यवस्था गरिएको छ । सैद्धान्तिक पक्षको मूल्याङ्कनका लागि कक्षामा विद्यार्थीहरूको विषयगत छलफलमा सहभागिता, गृहकार्य, प्रश्नोत्तर, प्रयोगात्मक क्रियाकलापहरूमा सहभागिता, प्रयोगात्मक क्रियाकलापका अभिलेखहरू र विभिन्न किसिमका परीक्षाहरू आदिको प्रयोग गर्नुपर्छ । कक्षा ७ को  यस विषयमा ५० पूर्णाङ्कका सैद्धान्तिक परीक्षा र ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा हुनेछ ।

५० पूर्णाङ्कको सैद्धान्तिक परीक्षाका लागि अङ्कभार निम्नानुसार विभाजन गरिएको छ :

| क.सं. | विषय क्षेत्र | अङ्कभार |
|---|---|---|
| १ | ख्वपको नामकरण  र भौगोलिक अवस्थिति | ४ |
| २ | ख्वपको इतिहास | ५ |
| ३ | स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | ४ |
| ४ | स्थानीय विविध संस्कृति | ६ |
| ५ | प्रचलित स्थानीय संस्कारहरू | ३ |
| ६ | स्थानीय बोलीचाली र लिपि | ३ |
| ७ | स्थानीय कला र सम्पदा | ८ |
| ८ | स्थानीय व्यवसाय सीप र प्रविधि | ८ |
| ९ | स्थानीय उपचार विधि | ३ |
| १० | स्थानीय खेलहरू | ३ |
| ११ | स्थानीय पर्यटन | ३ |
| | जम्मा | ५० |

त्यसै गरी प्रयोगात्मक पक्षको मूल्याङ्कनका लागि निम्नानुसारका आधारहरू लिनुपर्दछ :

- सोधखोज गरी प्रतिवेदन प्रस्तुति
- प्रयोगात्मक कार्यको अभिलेख
- सामग्री निर्माण र प्रयोग
- लघु परियोजना कार्य (योजनाको खाका निर्माण)
- मौखिक परीक्षा

५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षाका लागि अङ्कभार निम्नानुसार विभाजन गरिएको छ :

| क.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १ | सोधखोज गरी प्रतिवेदन प्रस्तुति | १० |
| २ | प्रयोगात्मक कार्यको अभिलेख | ५ |
| ३ | सामग्री निर्माण र प्रयोग | २० |
| ४ | लघु परियोजना कार्य योजनाका खाका निर्माण | १० |
| ५ | मौखिक परीक्षा | ५ |
| | जम्मा | ५० |

पाठ्यक्रममा समावेश गरीएका विशिष्ट उद्देश्यहरू र तिनका विषयवस्तुहरूको आधारमा विद्यार्थीहरूको सिकाइ उपलब्धिहरूको मूल्याङ्कन गरिनुपर्दछ। उपलब्धि मूल्याङ्कनका आधारहरू निम्नानुसार निर्धारण गरिएका छन् :

१. विशिष्ट उद्देश्यहरूअनुरूप विद्यार्थीहरूले विषयवस्तुको ज्ञान हासिल गर्न सकेका छन् कि छैनन् भन्ने सम्बन्धमा निरन्तर मूल्याङ्कन गरिरहनुपर्छ।
२. हरेक एकाइको अध्यापन समाप्त भएपछि उक्त एकाइका बुँदागत रूपमा उत्तर दिन सक्षम भए नभएको पत्ता लगाई आवश्यक सहयोग पुऱ्याउनुपर्दछ। त्यसपछि मात्र अर्को एकाइ सुरू गर्नुपर्दछ।
३. यसरी गरिएका मूल्याङ्कनको आधारमा शिक्षण सिकाइमा आवश्यक सुधार गरी अध्यापनलाई अझ प्रभावकारी बनाउनुपर्दछ।
४. विद्याथीहरूले सिकेका ज्ञान, सीप र व्यवहारका कुराहरू अभिभावकलाई पनि जानकारी गराई र विद्यालय तथा घरमा विद्यार्थीले गर्ने क्रियाकलापका बारेमा शिक्षक-अभिभावकबीच अन्तरक्रिया गरेर सिकाइमा सुधार ल्याउन सकिन्छ।
५. ख्वपको पहिचान विषयको मूल्याङ्कन गर्दा विद्यार्थीहरूले समुदायमा सोध-खोज गरेका विषयवस्तुहरू उनीहरूको आफ्ना सिर्जनाहरू, प्रतिवेदनहरूजस्ता विभिन्न कार्यहरूको शिक्षकद्वारा अवलोकन गरी उनीहरूको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्नुपर्दछ र मूल्याङ्कनको अभिलेख पनि राख्नुपर्दछ।
६. मूल्याङ्कन कार्यका लागि ज्ञान र बोध, प्रयोगात्मक तथा खोजमूलक सीप, समालोचनात्मक चिन्तन सीप र अभिवृत्ति पक्षलाई सँगसँगै समेटेको हुनुपर्दछ।


## मूल्याङ्कनको प्रकार

क) निर्माणात्मक मूल्याङ्कन
- अवलोकन
- गृहकार्य
- साप्ताहिक परीक्षा
- मासिक परीक्षा
- एकाइ परीक्षा
- कक्षा परीक्षा आदि

ख) निर्णयात्मक मूल्याङ्कन
- पहिलो त्रैमासिक परीक्षा– १० प्रतिशत
- दोस्रो त्रैमासिक परीक्षा– ३० प्रतिशत
- अन्तिम परीक्षा– ६० प्रतिशत

निर्णयात्मक मूल्याङ्कनको लागि निम्नानुसार आधारहरू तय गरिएका छन् :

| किसिम | प्रकार | अङ्कभार |
|---|---|---|
| लिखित मूल्याङ्कन | अति सङ्क्षिप्त उत्तर आउने प्रश्न | १० |
| | सङ्क्षिप्त उत्तर आउने प्रश्न | २० |
| | लामो उत्तर आउने प्रश्न | २० |
| प्रयोगात्मक मूल्याङ्कन | | ५० |
| जम्मा | | १०० |


Bhaktapur Municipality
भक्तपुर नगरपालिका
1
2
3
4
5
6
7
8
9
10
N
Legend
Municipality Boundary
Ward Boundary
Municipality Center
Bkt_bnd_polygon
0 237.5 475 950 1,425 1,900
Meters
Source:
Topographic Sheets, Survey Department 1999
Ministry of Federal Affairs and Local Development